# सिटि होटल लिमिटेड

CITY HOTEL

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं
५६७१२००/५६७१२०१ फ्याक्स नं. ५३८७०४१,
इमेल: info@cityhotel.com.np वेभसाइट: www.cityhotel.com.np

HYATT PLACE™ Kathmandu

## आठौं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त आर्थिक विवरण सहितको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०८/२९ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८०/०८/२७ गते बसेको संचालक समितिको बैंठकको निर्णय बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न बिषयहरुमा छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० साल पौष २० गते (तदानुसार ०५ जनवरी, २०२४) ।
**समय** : बिहान ११:३० बजे ।
**स्थान** : कालिमाटी ब्याङ्क्वेट, कालिमाटी, काठमाण्डौं ।

**छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरु:**

**(क) सामान्य प्रस्तावहरु:**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
(२) यस कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्युटिमा भएको परिवर्तन सम्बन्धी विवरण लगाएत वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसुचिहरु) उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लागि लेखापरीक्षण समितिको सिफारिस मुताविक लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक पुनःनियुक्तिका लागि योग्य रहेको ।)
(४) सर्वसाधारण शेयरधनीबाट सञ्चालकको निर्वाचन गरी सञ्चालक नियुक्ति गर्ने सम्बन्धमा ।
(५) कम्पनीका सञ्चालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गरि पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) प्रबन्धपत्र तथा नियमावाली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरु नियामक निकायहरुमा दर्ता गर्ने, उक्त निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।
(२) कम्पनीको अधिकृत पूँजी वृद्धि गर्ने सम्बन्धमा ।
(३) कर्जा सिमा वृद्धिको स्वीकृति गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**सुन्दर बहादुर सेनी**
**कम्पनी सचिव**

**आठौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी :**

(१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
(२) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०८०।०९।१८ गते बिहान ११.३० बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।
(३) कम्पनीको वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/०८ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०९/०६ गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन र निर्वाचनमा सहभागी हुन योग्य हुनेछन् ।
(४) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:३० बजेदेखि खुल्ला रहनेछ ।
(५) छलफलका बिषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो बिषय अध्यक्षज्यूको अनुमतिले सभामा छलफलका लागि ल्याईए पनि प्रस्ताव वा निर्णयको रुपमा कार्यान्वयन गरिने छैन ।
(६) निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी सूचनाहरु यस कम्पनीको वेभसाईट www.cityhotel.com.np तथा कम्पनीको सूचना पाटिमा टाँस गरे बमोजिम हुनेछ ।
(७) साधारण सभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, सोल्टीमोड, काठमाडौंमा वा यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौंमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

***पुनश्चः*** *कम्पनीबाट वार्षिक साधारण सभामा छलफल हुने बिषयहरु सहितको सूचना शेयरधनी महानुभावहरुको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ । साथै, वार्षिक प्रतिवेदन लगायतका सूचनाहरु कम्पनीको वेभसाईटः www.cityhotel.com.np मा समेत हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।*

---

**प्रोक्सी फारम**

## सिटी होटल लिमिटेड

श्री संचालक समिति
**सिटी होटल लिमिटेड**
छिन्नलताचोक, सोल्टीमोड, काठमाण्डौ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महोदय,

... ... ... ... ... ... जिल्ला ... ... ... ... ... ... ... ... ... ... न.पा./गा.पा. ... ... ... ... ... ... ... ... बस्ने म/हामी ... ... ... ... .. ... ... ... ... ... ... ... ... ... ... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८० साल पौष महिना २० गते शुक्रबारको दिन हुने आठौ वार्षिक साधारण सभामा भाग लिनको लागि ....................जिल्ला ........म.न.पा./ना.पा. /गा.पा. वडा नं ........ बस्ने श्री.............................. नागरिकता प्रमाण पत्र नं ......................लाई मेरो प्रतिनिधि मनोनीत गरी पठाएको छु ।

**निवेदकको**
नाम :..........................
ठेगाना :.......................
कि.नं .......................देखि ....................सम्म
मिति................................

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

***द्रष्टब्य :*** *यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।*

## सिटी होटल लिमिटेड

**(आठौं वार्षिक साधारण सभामा)**

**प्रवेश पत्र**

(१) हितग्राही खाता (BOID) नं.: ................
(२) शेयर प्रमाणपत्र नं.: ..........................
(३) शेयर संख्याः .................................
(४) शेयरधनीको नामः ...............................
(५) शेयरधनीको हस्ताक्षर (सही): ................

***द्रष्टव्यः***
(१) सिटी होटल लिमिटेडको मिति २०८० पौष २० गते (तदनुसार ०५ जनवरी, २०२४) शुक्रबार दिन हुने आठौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।
(२) शेयरधनी महानुभावहरु आफैले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।
(३) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

**कम्पनी सचिव**

## आषाढ ३१, २०८० (१६ जुलाई २०२३) को सरलीकृत वित्तीय स्थितिको विवरण (वासलात)

*(रु.हजारमा)*

| विवरण | आ.व. २०७९/८० | आ.व. २०७८/७९ |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालु सम्पति** | | |
| **गैर वित्तीय** | | |
| सम्पत्ति, प्लान्ट र उपकरण | ४,६३४,८९४ | ४,६८२,२११ |
| अमूर्त सम्पत्ति | ३७,५४३ | ३७,१०७ |
| सम्पत्तिमा लगानी | ३६८,०२७ | ३२९,१४६ |
| स्थगन कर सम्पत्ति | १०३,५५१ | ३३,८७० |
| अन्य सम्पत्ति | २७,३६९ | ३७,६६४ |
| **जम्मा गैर चालू सम्पत्ति** | **५,१७१,३८३** | **५,११९,९९९** |
| **चालु सम्पत्ति** | | |
| **गैर वित्तीय** | | |
| मौज्दात | ६,२६८ | ५,४३९ |
| अग्रिम भुक्तानी | ३,७०७ | १,७२६ |
| अन्य चालु सम्पत्ति | २३७,८०६ | २८३,८६४ |
| **वित्तीय** | | |
| नगद र नगद सरह | १४,७३२ | ७०,४२५ |
| अग्रिम | - | - |
| व्यापार र अन्यबाट लिनुपर्ने | २३,१३३ | २१,७४३ |
| **जम्मा चालु सम्पत्ति** | **२८५,६४५** | **३८३,१९७** |
| **जम्मा सम्पति** | **५,४५७,०२९** | **५,५०३,१९६** |
| **पूँजी तथा अन्य दायित्वहरु** | | |
| **पूँजी** | | |
| शेयर पूँजी | १,६७४,००० | १,५०६,६०० |
| शेयर आवेदन शुल्क | - | - |
| जगेडा तथा कोष | ५९,४७५ | २८४,०५० |
| **जम्मा पूँजी** | **१,७३३,४७५** | **१,७९०,६५०** |
| **गैर चालु दायित्वहरु** | | |
| **वित्तीय** | | |
| दीर्घकालीन ऋण | ३,१२९,१४९ | ३,१२०,८५२ |
| लिज दायित्व | ४७,६७५ | ४५,०२६ |
| अन्य गैर चालु दायित्वहरु | २०,९९५ | ४१४,१३७ |
| **जम्मा गैर चालु दायित्वहरु** | **३,१९७,८१८** | **३,५८०,०१५** |
| **चालु दायित्वहरु** | | |
| **वित्तीय** | | |
| व्यापार बापत तिर्नुपर्ने | ७६,७१९ | ९४,४०३ |
| अल्पकालीन ऋण | ५९,६६४ | १८,२४४ |
| लिज दायित्व | ३,२०२ | ७,९०४ |
| अन्य वित्तीय दायित्वहरु | ३८६,१५० | ११,९८० |
| प्रावधानहरु | - | - |
| **जम्मा चालु दायित्वहरु** | **५२५,७३६** | **१३२,५३१** |
| **जम्मा पूँजी तथा दायित्वहरु** | **५,४५७,०२९** | **५,५०३,१९६** |

## आषाढ ३१, २०८० (१६ जुलाई २०२३) को सरलीकृत नाफा–नोक्सान हिसाब

*(रु.हजारमा)*

| विवरण | आ.व. २०७९/८० | आ.व. २०७८/७९ |
|---|---|---|
| **आम्दानी** | | |
| सञ्चालनबाट आम्दानी | ४७३,१५१ | १८९,१६५ |
| अन्य सञ्चालन आम्दानी | ३६,५८३ | ५,५६६ |
| **जम्मा आम्दानी** | **५०९,७३४** | **१९४,७३१** |
| **खर्च** | | |
| सामान बिक्रीको लागत | १२८,७८९ | ६२,८३७ |
| कर्मचारी खर्च | ८७,५८९ | ५२,४४३ |
| ब्रान्ड संचालक शूल्क | १६,८१६ | ४,६९० |
| व्यवस्थापन र सञ्चालन खर्चहरु | १२७,२१९ | ४२,८५० |
| साधारण शेयर निष्काशन खर्च | ६,६८५ | ४७१ |
| **जम्मा खर्च** | **३६७,०९९** | **१६३,२९१** |
| **यस वर्षको कर/वित्त लागत र मूल्य ह्रास भन्दा अगाटिको नाफा/(नोक्सान)** | **१४२,६३६** | **३१,४४०** |
| वित्त लागत | ३५३,४२१ | ४७,७०० |
| मूल्य ह्रास र परिशोधन | १३१,११७ | ३७,८९८ |
| **यस वर्षको कर भन्दा अगाटिको नाफा/(नोक्सान)** | **(३४१,९०२)** | **(५४,१५८)** |
| कर खर्चहरु | (६९,६८२) | (९,४७५) |
| हालको कर | - | - |
| स्थगन कर | (६९,६८२) | (९,४७५) |
| **सिएसआर अघिको नाफा/(नोक्सान)** | **(२७२,२२०)** | **(४४,६८३)** |
| **सिएसआरको लागि व्यवस्था** | – | – |
| **यस वर्षको नाफा/(नोक्सान)** | **(२७२,२२०)** | **(४४,६८३)** |
| **प्रति शेयर आम्दानी** | **(१७.७५)** | **(३.८४)** |

## आषाढ ३१, २०८० (१६ जुलाई २०२३) को नगद प्रवाह विवरण

*(रु.हजारमा)*

| विवरण | आ.व. २०७९/८० | आ.व. २०७८/७९ |
|---|---|---|
| **क. कारोबार सञ्चालनबाट नगद प्रवाह** | | |
| कर भन्दा अघिको नाफा/(नोक्सान) | (३४१,९०२) | (५४,१५८) |
| **समायोजन** | | |
| अघिल्लो वर्षको कर समायोजन | (४,१६४) | - |
| सम्पत्ति बिक्रीबाट नाफा | (७,२४६) | |
| मुल्य ह्रास | १३१,११७ | ३७,८९८ |
| **कार्यशील पूँजी परिवर्तन अघिको मुनाफा** | **(२२२,१९६)** | **(१६,२६०)** |
| **चालु सम्पत्ति र दायित्वमा परिवर्तन** | | |
| जिन्सी मौजातमा भएको (कमी)/वृद्धि | (८२९) | (३,०१६) |
| अग्रिम भुक्तानीमा भएको (कमी)/वृद्धि | (१,९८१) | (१,४६०) |
| व्यापारिक भुक्तानीमा भएको (कमी)/वृद्धि | (१,३९०) | (२१,७४३) |
| अन्य चालु सम्पत्तिमा (कमी)/वृद्धि | ४६,०५८ | १,१५३ |
| चालु दायित्वमा (कमी)/वृद्धि | ३९३,२०५ | ८,११८ |
| आयकर तिरेको | | - |
| सञ्चालन गतिविधिहरुबाट खुद नगद प्रवाह | २१२,८६७ | (३३,२०८) |
| **ख. लगानी गतिविधिहरुबाट नगद प्रवाह** | | |
| पिपिई र लगानी सम्पत्ति खरिद | (७२,१३५) | (६७०,३९४) |
| अमूर्त सम्पति बिक्री | ८,०७५ | - |
| **लगानी गतिविधिहरुबाट खुल नगद प्रवाह** | **(६४,०६०)** | **(६७०,३९४)** |
| **ग. वित्तीय गतिविधिहरुबाट भएको नगद प्रवाह** | | |
| मझौला र दीर्घकालीन ऋणमा (कमी)/वृद्धि | ८,२९७ | ३६६,८१६ |
| गैर चालु सम्पतिमा (कमी)/वृद्धि | १०,२९५ | ५४,७१५ |
| गैर चालु दायित्वमा (कमी)/वृद्धि | (३९०,४९३) | ३३२,००२ |
| शेयर निष्काशन तथा शेयर आवेदन आम्दानी | १६७,४०० | १९,६९२ |
| **वित्तीय गतिविधिहरुबाट खुद नगद प्रवाह** | **(२०४,५०१)** | **७७३,२२५** |
| **नगद र नगद सरहमा वृद्धि** | **(५५,६९४)** | **६९,६२३** |
| शुरुको नगद मौज्दात र नगद सरह | ७०,४२५ | ८०२ |
| **अन्तिम नगद र नगद सरह** | **१४,७३१** | **७०,४२५** |